annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९३ पृष्ठ १२ | काठमाडौं, बिहीबार १५ साउन २०८२ | श्रावण शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | THURSDAY, JULY 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ५५ वर्षमा नेपाल बन्दै छ विकासशील

नेपालले अतिकम विकसित मुलुक (एलडिसी) बाट विकासशील मुलुकको यात्रा तय गर्दैछ । विगत लामो समय देखिको प्रयत्नपछि विकाशील मुलुकको सूचीमा सूचीकृत हुनेछ । ५५ वर्षसम्म नेपाल अतिकम विकसित मुलुकको रूपमा रहँदै आएको छ । सन् २०२६ नोभेम्बर २४ मा नेपाल अतिकम विकसित मुलुकबाट विकाशील राष्ट्रमा स्तरोन्नति हुँदैछ ।


**सुरेन्द्र काफ्ले/ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

स्तरोन्नतिका लागि तोकिएका सीमा र नेपालले हासिल गरेको उपलब्धि

| सूचकहरू | सन् २०१५ | | सन् २०१८ | | सन् २०२१ | | सन् २०२४ | |
|---|---|---|---|---|---|---|---|---|
| | सीमा | प्रगति | सीमा | प्रगति | सीमा | प्रगति | सीमा | प्रगति |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलरमा) | घटीमा १२४८ | ६५९ | घटीमा १२३० | ७४५ | घटीमा १२२२ | १०२७ | घटीमा १३०६ | १३०० |
| मानव सम्पत्ति सूचकांक | घटीमा ६६ | ६८.७ | घटीमा ६६ | ७१.२ | घटीमा ६६ | ७४.९ | घटीमा ६६ | ७६.३ |
| आर्थिक तथा वातावरणीय जोखिम सूचकांक | बढीमा ३२ | २६.८ | बढीमा ३२ | २८.४ | बढीमा ३२ | २४.७ | बढीमा ३२ | २९.७ |

*स्रोत : सोह्रौं योजना, २०८१*




समाचार पृष्ठ २

# नागरिक उन्मुक्तिको विवाद उत्कर्षमा, अध्यक्ष नै निकालिइन्



**राधा खनाल** | *काठमाडौं*

टीकापुर घटनाबाट जन्मिएको नागरिक उन्मुक्ति पार्टीभित्र अध्यक्ष रञ्जिता श्रेष्ठ र उनका पति पार्टीका संरक्षक रेशमलाल चौधरीबीचको विवाद यतिबेला राष्ट्रिय राजनीति मै उत्कर्षमा पुगेको छ।

टीकापुर घटनामा दोषी ठहर भई कारागारमा रहेका रेशमको पहलमा ०७९ सालको स्थानीय तहको निर्वाचनअघि नागरिक उन्मुक्ति गठन भएको थियो। रेशम जेलमुक्त भएसँगै पार्टीमा हावी हुन थालेपछि दुई जनाबीच असमझदारी उत्पन्न भएको थियो। यसैबीच पार्टीको पहिलो महाधिवेशन गराएर आफूलाई हटाएर रेशम अध्यक्ष बनेपछि रञ्जिता थप चिढिइन्। तर, कर्तव्य ज्यान र ज्यानमारा मुद्दामा दोषी ठहर भएका व्यक्ति पार्टी अध्यक्ष हुन नसक्ने भन्दै निर्वाचन आयोगले उक्त महाधिवेशनको कमिटीलाई मान्यता दिएन। आयोगको निर्णयसँगै रञ्जिता अध्यक्षमा पुनर्वहाली भइन्। पार्टीका कुनै पक्ष तिर पनि नलागेका एक केन्द्रीय सदस्यले भने, 'दुवै जनाले आफू अनुकूल चलाउन खोज्दा समस्या भएको हो। आन्तरिक संघर्षले पार्टी विघटनको अवस्थामा पुग्न थालेको छ।'

पार्टीमा आन्तरिक विवाद चर्कँदै गएपछि रेशम पक्षले रञ्जितालाई कारबाहीका लागि सिफारिस गरे। रञ्जितालाई अनुशासन समितिले कारबाही गर्ने निर्णयसमेत गर्‍यो। मंगलबार बसेको अनुशासन समितिको बैठकले उक्त निर्णय गरेको थियो। गत आइतबार बहुमत केन्द्रीय सदस्यहरूको बैठकले अध्यक्ष श्रेष्ठलाई २४ घण्टे स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। अध्यक्ष श्रेष्ठले स्पष्टीकरण नबुझाएपछि कारबाही गर्ने निर्णय गरिएको थियो। स्पष्टीकरण सोध्नुअघि पनि जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानमा तानिएकी अध्यक्ष श्रेष्ठलाई केन्द्रीय समिति बैठक बोलाउन बहुमत केन्द्रीय सदस्यहरूले ९ गते शुक्रबार २४ घण्टे 'अल्टिमेटम' दिएका थिए।

पार्टीको संस्थापक केन्द्रीय सदस्यको राष्ट्रिय भेलाले अध्यक्ष रञ्जिता श्रेष्ठलाई हटाउने प्रस्ताव पारित गरेको छ। पार्टीको अनुशासन समितिले पेस गरेको उक्त प्रस्तावले बहुमत सदस्यहरू सहभागी भएको भेलाले पारित गरेको संयोजक रामलाल डंगौरा थारूले बताए। श्रेष्ठलाई साधारण सदस्यसमेत नरहने गरी अध्यक्षबाट हटाएको हो।

» बाँकी पृष्ठ १०

## रूसको भूकम्पले जापानदेखि अमेरिकासम्म प्रभाव

**मस्को** (एजेन्सी) : अहिलेसम्म रेकर्ड गरिएको सबैभन्दा शक्तिशाली भूकम्प रूसको सुदूरपूर्वमा बुधबार बिहान गएको छ। भूकम्पका कारण प्रशान्त महासागरमा चार मिटर (१२ फिट) सम्म सुनामी आएको थियो र अमेरिकाको हवाईदेखि जापानसम्मका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको थियो।

अमेरिकी भौगर्भिक सर्वेक्षण (यूएसजीएस) का अनुसार रूसको दुर्गम कामचटका प्रायद्वीपमा पेट्रोपाभ्लोभस्कबाट बिहान ८:२४ बजे (२३०४ जिएमटी मंगलबार) ८.८ म्याग्निच्युडको भूकम्प गएको थियो र यो रेकर्ड गरिएको १० मध्ये सबैभन्दा ठूलो थियो। रूसी अधिकारीहरूले सेभेरो-कुरिल्स्क बन्दरगाह सहरमा सुनामीले बाढी ल्याएको बताएका छन् भने स्थानीय मिडियाले कामचटकाको एलिजोभ्स्की जिल्लामा तीनदेखि चार मिटर अग्लो सुनामी रेकर्ड गरिएको बताएको छ।

रूसी सामाजिक सञ्जालमा पोस्ट् गरिएको भिडियोमा सहरका भवनहरू समुद्री पानीमा डुबेको देखाइएको छ। अधिकारीहरूले लगभग दुई हजार बासिन्दालाई सुरक्षित स्थानमा सारिएको बताएका छन्। भूकम्पबाट रूसमा धेरै मानिस घाइते भएका तर तिनीहरूमध्ये कसैको पनि गम्भीर अवस्था नभएको राज्य मिडियाले रिपोर्ट गरेको छ। अमेरिका, मेक्सिको र इक्वेडरलगायत देशका अधिकारीहरूले प्रभावित समुद्री किनारबाट टाढा रहन चेतावनी दिएका छन्।

# ओलीभन्दा प्रचण्ड महँगा ! खर्चले भन्छ

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

जनताले तिरेको कर शीर्ष प्रशासनिक प्रयोजनमा कति खर्च हुन्छ? चासो सबैलाई लाग्छ नै। बहालवाला र निवर्तमान दुई प्रधानमन्त्रीका सचिवालयले वर्षको कति खर्च गरे? को मितव्ययी र को महँगा परे? जवाफ तथ्यांकमा छ।

प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको दुई आर्थिक वर्षको सचिवालय खर्च विवरणले देखाउँछ- खर्चमा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली मितव्ययी, निगरानीमा चनाखो देखिए भने अघिल्ला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' इन्धनदेखि मसला-चियासम्ममा खर्चिला पाइए।

ओली नेतृत्वको यो एक वर्ष प्रचण्डको गएको एक वर्षमा भन्दा २ करोड ६ लाख ६४ हजार ३ सय ५३ रुपैयाँ ८० पैसा कम खर्च भएको देखिन्छ। प्रचण्डले ६ करोड २१ लाख ३५ हजार १ सय २९ रुपैयाँ ३० पैसा र ओलीले ४ करोड १४ लाख ७० हजार ८ सय ७३ रुपैयाँ ५० पैसा सचिवालयमा खर्च गरे।

**प्रचण्डले तेल बढी उडाए, ओलीले पोसाकमा रुचि देखाए**

दाहालका पालामा इन्धन खर्चमात्र ७३ लाख ८१ हजार पुगेको थियो। ओलीका पालामा त्यो १४ लाख ९८ हजारमा खुम्चिएको छ। अन्तर-झन्डै ५९ लाख रुपैयाँ छ! यो कुल इन्धन खर्चमा ७९.७० प्रतिशतको कटौती हो। त्यसबेला वैशाखदेखि असारबीच प्रचण्डको सचिवालयले इन्धनमा २१ लाख ९२ हजार खर्च गर्‍यो, ओलीले त्यत्ति नै अवधिमा जम्मा २ लाख २४ हजार खर्चिए। १९ लाख ६८ हजार रुपैयाँको फरक पाइयो।

**कपडाचाहिँ ओलीको महँगो**


पोसाक शीर्षकमा भने ओलीले प्रचण्डभन्दा ५० हजार बढी खर्च गरे। दाहालको पालामा यो खर्च ४ लाख ८८ हजार थियो भने ओलीका पालामा ५ लाख ३९ हजार पुगेको छ। प्रचण्डका पालामा वैशाखदेखि असारसम्म पोसाकमा एक रुपैयाँ पनि खर्च भएको थिएन। ओलीका पालामा सोही अवधिमा २७ हजार ५ सय ४८ खर्च भएको छ।

**निगरानी र अनुगमनमा ओली अग्रसर**

ओलीको कार्यकालमा अनुगमन-मूल्यांकनमा ५२.७३ प्रतिशतले खर्च बढेको छ। दाहालका पालामा यो शीर्षकमा २१ लाख ९४ हजार रुपैयाँ खर्च भएको थियो भने ओलीका पालामा ३३ लाख ५२ हजार पुगेको छ।

**विविध खर्च, चिया-खाजा घट्यो**

'विविध खर्च' भन्नेबित्तिकै चिया-खाजा, स्टेसनरीदेखि सानो मर्मतसम्मका कुरा सम्झनुपर्छ। यहाँ पनि ओलीको कार्यकाल मितव्ययी देखिन्छ। दाहालका पालामा यो शीर्षकमा १ करोड ६९ लाख खर्च भएको थियो भने ओलीका पालामा १ करोड २४ लाख। अन्तर- ४५ लाख १२ हजार। यो २६.६८ प्रतिशतले घटेको हो।




**मसलन्दमा ७१ प्रतिशत कटौती**

दाहालको पालामा ५१ लाख रुपैयाँ मसलन्द र कार्यालय सामग्रीमा खर्च भएको थियो भने ओलीले त्यो १४ लाख ३६ हजारमै सीमित गरे। अन्तर- ३६ लाख ६३ हजार। यो ७१.८४ प्रतिशतको भारी कटौती हो। वैशाखदेखि असारबीच प्रचण्डले मसलन्दमा २४ लाख खर्च गरे, ओलीले मात्र ३ लाख ६४ हजार।

**पारिश्रमिक बचत**

ओलीको सचिवालयले पारिश्रमिकमा पनि प्रचण्डको तुलनामा ७५ लाख ६६ हजार रुपैयाँ कम खर्च गर्‍यो। प्रचण्डका पालामा २ करोड ४० लाख खर्च भएको पारिश्रमिक शीर्षक ओलीका पालामा १ करोड ६४ लाखमा सीमित रह्यो।

**सवारी मर्मत घट्यो**

सवारीसाधन मर्मतमा दाहालका पालामा ५९ लाख ५० हजार खर्च भएको मर्मतमा ओलीका पालामा ५७ लाख २२ हजार खर्च गरिएको छ।

**ओलीले कम फोन गरे, प्रचण्डले बढी**

सञ्चार महसुलमा प्रचण्डका पालामा ७९ हजार खर्च गरिएको थियो भने ओलीका पालामा ६० हजार मात्रै।